# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली

कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९।०५।१० गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौताअनुसार सन्चालित कार्यक्रम हो र यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। यस सामी कार्यक्रम अन्तर्गत कैलाली जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा धनगढी उप-महानगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श सेवा, वित्तिय साक्षरता सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | पद संख्या | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|
| १ | १/०७९/०८० | कार्यक्रम संयोजक | १ जना | रु.५००।– (पाँच सय) | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| २ | २/०७९/०८० | सामाजिक परिचालन अधिकृत | १ जना | रु.५००।– (पाँच सय) | न्यूनतम स्नातक तह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको। वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालीम लिएकोलाई प्राथमिकता दिइनेछ। |
| ३ | ३/०७९/०८० | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ ( एक जना महिला अनिवार्य ) | रु.३००।– (तिन सय) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको। साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ। |
| ४ | ४/०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ जना | रु.३००।– (तिन सय) | **सामी कार्यक्रम अन्तर्गत मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>▪ कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था:**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ:<br>▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>नोट: - यो पदको लागि धनगढी उप-महानगरपालिकामा स्थायी वसोवास गरेको हुनु पर्ने छ। |
| ५ | ५/०७९/०८० | वित्तीय साक्षरता सहजकर्ता | १ जना | रु.३००।– (तिन सय) | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नोट: - यो पदको लागि धनगढी उप-महानगरपालिकामा स्थायी वसोवास गरेको हुनु पर्ने छ। |
| ६ | ६/०७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ जना | रु.२००।– (तिन सय) | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। नोट: - यो पदको लागि धनगढी उप-महानगरपालिकामा स्थायी वसोवास गरेको हुनु पर्ने छ। |

१. **करार अवधि**: हाललाई २०८० साल असार मसान्त सम्म सो पश्चात कार्यक्रमको निरन्तरता रहेमा आवश्यकता र कार्य सम्पादन मुल्यांकनको आधारमा करार अबधि थप हुन सक्नेछ।

२. **परिक्षाको किसिम** : लिखित, अन्तवार्ता र प्रयोगात्मक। बिस्तारमा निम्नानुसार उल्लेख गरिएको छ।

| क्र.स. | परीक्षाको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा पूर्णाक |
|---|---|---|---|---|
| १ | लिखित (बहुबैकल्पिक प्रश्नोतर ) | २५ | २ | ५० |
| २ | प्रयोगात्मक (Ms Word, Ms power point and Ms Excel ) | | | १५ |
| ३ | अन्तरबार्ता | | | ३५ |
| जम्मा | | | | १०० |

३ **पाठ्यक्रम** : (क) बैदेसिक रोजगार ऐन र नियमावली, २०६४ (ख ) आप्रवासी श्रोत केन्द्र (संचालन तथा ब्यबस्थापन) कार्यविधि,२०७८ (ग ) सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ (घ ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिका र धनगढी उपमहानगरपालिकाको परिचय तथा भूमिका।

४ परीक्षा मिति : सम्पर्ग मितिमा तोकिनेछ।

५ कार्यस्थल : धनगढी उपमहानगरपालिकाक्षेत्र र सामी कार्यक्रम लागु भएका अन्य क्षेत्र।

६ वि.न. १/०७९/०८० देखि ५/०७९/०८० सम्म पुरुषको हकमा न्युनतम १८ वर्ष पुरा भै ३५ वर्षा ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र वि.न. ६/०७९/०८० को हकमा बैदेशिक रोजगारीमा (खाडी मुलुक र मलेसिया) गई कम्तिमा १ बर्षकाम गरि स्वदेशमा फर्कियको हुनुपर्ने साथै महिला र पुरुष दुबैको न्युनतम उमेर १८ वर्ष पुरा भइ ५८ बर्ष ननाघेको हुनुपर्नेछ।

७ दरखास्तका साथ बुझाउनुपर्ने देहाएका आबश्यक कागजातहरु उमेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्नेछ।
(क ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
(ख ) लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
(घ ) अनुभव भएमा सो खुल्ने कागजातहरु।

८ **तलव तथा अन्य सुविधा**: कार्यक्रमको नियमानुसार।

९ दरखास्त फारम : धनगढी उपमहानगरपालिकाको **Website : www.dhangadhimun.gov.np** बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ।

१० दरखास्त दस्तुर : यस कार्यालयको राजस्व शाखामा नगद बुझाई सोको नगदी रसिद संलग्न गरेको हुनुपर्नेछ।

११ दरखास्त फारम बुझाउने स्थान : धनगढी उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयको सामाजिक बिकाश शाखामा बुझाउनु पर्नेछ।

१२ दरखास्त बुझाउने अन्तिम मिति : २०७९/०५/२४ गते कार्यालय समय भित्र बुझाउनु पर्नेछ।आबेदन दिने अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बुझाउन सकिनेछ।

१३ सम्पर्ग मिति : २०७९/०५/२५ गते।

**पुनश्च:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया**: प्रारम्भिक छनौटमा परेका उमेदवारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
धनगढी उप-महानगरपालिका

प्रमुख प्रशासकीय अधिकृत